मधेश प्रदेश सरकार
# अर्थ मन्त्रालय
जनकपुरधाम, नेपाल

फोन नं. ०४१-५२१५९८, ५२३०२८
इमेल: info.moeap@p2.gov.np
वेब साईट: www.mof.madhesh.gov.np

पत्र संख्या : २०८२/८३
चलानी नं. १२१८

मिति: २०८३/०२/२५

श्री मन्त्रालय/सचिवालय/आयोग/प्रतिष्ठान/केन्द्र (सबै)
मधेश प्रदेश

बिषय :- वित्तीय सन्तुलनका लागि बजेट खर्च कटौती एवं रोक्का राख्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०८२/०८३ मा वार्षिक लक्ष्य अनुरूप मधेश प्रदेशको आन्तरिक तथा कुल आय संकलन अपेक्षित मात्रामा हुन नसकी प्रदेश सञ्चित कोषमा न्यून मौज्दात रहेको, अनुमानित आयका आधारमा खर्च दायित्व वहन तथा आवश्यक स्रोत व्यवस्थापन गर्न कठिनाइ उत्पन्न हुने भएको र प्रदेशको समग्र वित्तीय सन्तुलन, अनुशासन तथा स्थायित्व कायम राखी अत्यावश्यक एवं प्राथमिकतायुक्त कार्यक्रमहरूको निरन्तरता सुनिश्चित गर्न आवश्यक देखिएकोले प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८(१) बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम, हालसम्म सम्बन्धित मन्त्रालयको माग बमोजिम यस मन्त्रालयको विभिन्न निर्णयबाट पूर्व स्वीकृति तथा फुकुवा प्राप्त गरी कार्यादेश जारी भई दायित्व सिर्जना भइसकेका आयोजना तथा कार्यक्रमहरुका लागि स्वीकृत रकम बाहेक प्रदेश स्रोततर्फका तपसिलमा उल्लिखित खर्च शीर्षक तथा कार्यक्रमहरूमा बजेट खर्च कटौती एवं रोक्का सम्बन्धी यस मन्त्रालय (मा. मन्त्रीस्तर)को मिति २०८३/०२/२५ गते निर्णय भएको हुँदा सोही बमोजिम तहाँ मन्त्रालय/सचिवालय/आयोग/प्रतिष्ठान/केन्द्र र अन्तर्गतका निकायहरूबाट उक्त निर्णय कार्यान्वयन गर्न/गराउनु हुन अनुरोध छ।

तपसिल:

१. देहायका खर्च शीर्षकहरुमा विनियोजित रकमको ३०% खर्च कटौती एवं रोक्का गर्ने:

१.१ ख.शी.नं. २२३११ (मसलन्द तथा कार्यालय सामाग्री) ।

२. देहायका खर्च शीर्षकहरुमा विनियोजित रकमको ५०% खर्च कटौती एवं रोक्का गर्ने:

२.१ ख.शी.नं. २२६११ (अनुगमन मूल्यांकन खर्च) ।
२.२ ख.शी.नं. २२२१३ (सवारी साधन मर्मत खर्च) ।
२.३ ख.शी.नं. २२२२१ (मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च) ।
२.४ ख.शी.नं. २२२३१ (निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च) ।
२.५ ख.शी.नं. २२३१५ (पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च)।
२.६ ख.शी.नं. २२४१९ (अन्य सेवा शुल्क) ।
२.७ ख.शी.नं. २२५२१ (उत्पादन सामाग्री/सेवा खर्च)।
२.८ ख.शी.नं. २२५२२ (कार्यक्रम खर्च)।
२.९ ख.शी.नं. २२६१२ (भ्रमण खर्च)।

मधेश प्रदेश सरकार
# अर्थ मन्त्रालय
जनकपुरधाम, नेपाल

फोन नं. ०४१-५२१५९८, ५२३०२८
इमेल: info.moeap@p2.gov.np
वेव साईट: www.mof.madhesh.gov.np

पत्र संख्या : २०८२/८३
चलानी नं.: १२१८

मिति: २०८३/०२/२५

२.१० ख.शी.नं. २८१४३ (सवारी साधन तथा मेशिनरी औजार भाडा)।

२.११ ख.शी.नं. ३११५७ (वन तथा वातावरण संरक्षण)।

२.१२ ख.शी.नं. ३११५८ (सरसफाँई संरचना निर्माण)।

२.१३ ख.शी.नं. ३११६१ (निर्मित भवनको संरचनात्मक सुधार खर्च)।

३. देहायका खर्च शीर्षकहरुमा विनियोजित सम्पूर्ण रकम रोक्का गर्ने:

३.१ हालसम्म कार्यादेश नलिएका सवै आयोजना तथा कार्यक्रमहरु।

३.२ ख.शी.नं. २२३१३ (पुस्तक तथा सामाग्री खर्च)।

३.३ ख.शी.नं. २२३१४ (इन्धन अन्य प्रयोजन)।

३.४ ख.शी.नं. २२४१२ (सुचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च)।

३.५ ख.शी.नं. २२५११ (कर्मचारी तालिम खर्च)।

३.६ ख.शि.नं. २२६११ (अनुगमन, मुल्याङ्कन खर्च)।

३.७ ख.शी.नं. २२६१९ (अन्य भ्रमण खर्च)।

३.८ ख.शि.नं. २६४१३ (अन्य संस्थालाई अनुदान, सःशर्त)।

३.९ ख.शी.नं. २६४२३ (अन्य संस्थालाई अनुदान, पुँजीगत)।

३.१० ख.शी.नं. २७२१९ (अन्य सामाजिक सहायता)।

३.११ ख.शी.नं. ३११३१ (पशुधन तथा बागवानी विकास खर्च)।

३.१२ ख.शी.नं. ३११५३ (विद्युत संरचना निर्माण)।

३.१३ ख.शी.नं. ३११७१ (पूजीगत सुधार खर्च सार्वजनिक निर्माण)।

३.१४ ख.शी.नं. ३११५९ (अन्य सार्वजनिक निर्माण) मा स्वीकृत आयोजना तथा कार्यक्रममध्ये शुरु विनियोजित रकम रु. १० लाख वा सो भन्दा कमका आयोजना तथा कार्यक्रम।

२०८३/२/२५

जय कुमार राउत
उपसचिव

बोधार्थ:

१. मा. मन्त्रीज्यूको निजी सचिवालय, अर्थ मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम। (सादर अवगतार्थ)

२. प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश प्रदेश, जनकपुरधाम।

३. प्रदेश लेखा इकाई कार्यालय, सिरहा, महोतरी, रौतहट र पर्सा।